# संवत् २०८० साल भदौ २९ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरू

| क.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | अर्थ मन्त्रालय | अपर अरुण जलविद्युत परियोजनाको पूर्वतयारीको लागि विश्वबैंकबाट प्राप्त हुने ६ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने। |
| २. | अर्थ मन्त्रालय | कर प्रणाली सुधारका लागि राय सहितको सुझाव पेश गर्न श्री विद्याधर मल्लिकको अध्यक्षतामा पाँच सदस्यीय कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझाव समिति गठन गर्ने। |
| ३. | अर्थ मन्त्रालय | मोरोक्कोको माराकेसमा आयोजना हुने विश्व बैंक समूह र अन्तर्राष्ट्रिय मुद्रा कोषको संयुक्त वार्षिक बैठकमा भाग लिन माननीय अर्थमन्त्रीको नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति दिने। |
| ४. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | कम्पनी दर्ता र पुँजी वृद्धि गर्दा लाग्ने शुल्क तथा दस्तुर छुट दिनेसम्बन्धी सूचना प्रकाशन गर्न स्वीकृति दिने। |
| ५. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई १०/१० हजार मेट्रिक टन चिनीको आयातमा लाग्ने भन्सार महशुलमा ५० प्रतिशत छुट दिई आयात गर्न स्वीकृति दिने। |
| ६. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको अध्यक्ष पदमा बाबुराम पन्तलाई नियुक्त गर्ने। |
| ७. | ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | राष्ट्रिय सिँचाइ नीति, २०८० स्वीकृत गर्ने। |
| ८. | कानून, न्याय, तथा संसदीय मामिला मन्त्रालय | नेपाल न्याय सेवा, न्याय समूहको राजपत्राङ्कित प्रथम श्रेणीका १३ अधिकृतहरूको सरुवा गर्ने। |
| ९. | गृह मन्त्रालय | नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने। |
| १०. | | विभूषण वितरण कार्यलाई मर्यादित एवं थप व्यवस्थित गरी विभूषणको गरिमा बढाई राष्ट्रिय सम्मानको रूपमा स्थापित गर्न विभूषण वितरणसम्बन्धी विगतका अभ्यास, अन्तर्राष्ट्रिय प्रचलन, विभुषणसम्बन्धी ऐन, नियम र मापदण्डसमेतका आधारमा अध्ययन गरी प्रतिवेदन प्राप्त भएपछि विभूषण वितरण कार्य व्यवस्थित गर्ने गरी हाललाई स्थगित गर्ने। |
| ११. | गृह मन्त्रालय | गृह मन्त्रालय अन्तर्गतका अध्यागमन विभाग र राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागमा आ.व. २०८०/०८१ का लागि राजपत्राङ्कित तृतीय श्रेणीका २१ वटा अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| १२. | गृह मन्त्रालय | ३ जना सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरूको सरुवा गर्ने। |
| १३. | परराष्ट्र मन्त्रालय | सम्माननीय प्रधानमन्त्रीको नेतृत्वमा २०८० असोज ६ देखि १३ सम्मको जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमण कार्यक्रम स्वीकृत गर्ने। |

| | | |
|---|---|---|
| १४. | परराष्ट्र मन्त्रालय | संयुक्त राष्ट्रसंघको ७८ औं महासभाको General Debate का दौरान माननीय परराष्ट्र मन्त्रीलाई AGREEMENT UNDER THE UNITED NATIONS CONVENTION ON THE LAW OF THE SEA ON THE CONSERVATION AND SUSTAINBALE USE OF MARINE BIOLOGICAL DIVERSITY OF AREAS BEYOND NATIONAL JURIDICTION-BBNJ Agreement मा नेपालको तर्फबाट हस्ताक्षर गर्न स्वीकृति प्रदान गर्ने। |
| १५. | परराष्ट्र मन्त्रालय | बिमस्टेक बडापत्र अनुमोदन (Ratification) का लागि संघीय संसदमा पेश गर्न स्वीकृति दिने। |
| १६. | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | बाँके जिल्लाको नौवस्तास्थित कारागारको ब्लकमा बाल सुधार गृह स्थापना तथा सञ्चालन गर्न स्वीकृति प्रदान गर्ने। |
| १७. | युवा तथा खेलकुद मन्त्रालय | चीनको होङझाओ शहरमा आयोजना हुने १९ औं एशियाली खेलकुद प्रतियोगितामा सहभागी हुन माननीय युवा तथा खेलकुद मन्त्री र सचिवलाई स्वीकृति दिने। |
| १८. | वन तथा वातावरण मन्त्रालय | शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका विस्थापितहरूको समस्या समाधानका लागि अधिकार सम्पन्न आयोग गठन गर्ने। |
| १९. | वन तथा वातावरण मन्त्रालय | सुपर तल्लो बागमती जलविद्युत आयोजनाको भौतिक पूर्वाधारहरू निर्माण गर्न मकवानपुर जिल्लाको बागमती गाउँपालिका वडा नं ५ र ललितपुर जिल्लाको महाँकाल गाउँपालिका वडा नं ६ मा रहेको राष्ट्रिय वन क्षेत्रको ८.८७१ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| २०. | वन तथा वातावरण मन्त्रालय | जटामसी वनस्पतिको व्यवस्थापन निकायको रूपमा डिभिजन वन कार्यालयलाई तोक्ने। |
| २१. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | श्रीलंकाको कोलोम्बोमा हुने "Inclusivity & Diversity in Gender Equality in Parliaments in Asia" विषयक कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्री प्रमिला कुमारीलाई सहभागी हुन स्वीकृति दिने। |
| २२. | श्रम, रोजगार, तथा सामाजिक सुरक्षा मन्त्रालय | बाध्यकारी श्रमसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक तर्जुमा गर्नका लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| २३. | सहरी विकास मन्त्रालय | मलेसियाको क्वालालम्पुरमा कात्तिक ७ देखि ९ सम्म आयोजना हुने High Level 15th Regional Environmentally Sustainable Transport Forum in Asia कार्यक्रममा माननीय शहरी विकास मन्त्रीलाई सहभागी हुन स्वीकृति दिने। |